# पार्टी निर्माण र सेल्टरदाताहरू



केदार न्यौपाने
केन्द्रीय कमिटी सदस्य

झापा विद्रोहको जगमा को–अर्डिनेसन केन्द्रको निर्माण भयो, २०३२ जेठ २५ गते। कोकेले राष्ट्रव्यापी पार्टी निर्माण गर्न विभिन्न जिल्लामा कार्यकर्ताहरू विन्यास गर्ने निर्णय गऱ्यो। विन्यास गरिएका कार्यकर्तामा म पनि एक जना थिएँ। म झापाको चन्द्रगढी माविमा पढाउने स्थायी शिक्षक थिएँ। जागिर छोडेर भूमिगत हुनुपर्ने भयो, पार्टी निर्माणका लागि। म बारा जिल्ला जानुपर्ने थियो। म तयार भएँ र जागिर छोडिदिएँ। २०३२ असार ५ गते मैले घर छोडेँ।

मसँग राम पोखरेल हुनुहुन्थ्यो– जोशिला युवा। मसँगै क्रान्ति गर्न घर त्यागेर हिँड्नु भएको। उहाँलाई जोस्याएको थिएँ– मसँगै हिँड्न। राम जोसिनु त भयो, हिँड्नु पनि भयो। तर घरि–घरि उहाँको अनुहारमा विश्मयका रेखाहरू देखिन्थे। टिक्नु होला या नहोला भन्ने लाग्थ्यो। म बेला–बेलामा हौस्याउँथेँ– अनि अलि हँसिलो देखिनुहुन्थ्यो। बारा जिल्लाको श्रीपुर गाउँमा रहेको पलट चौधरीको घर हाम्रो भूमिगत आश्रय भयो।

पलट चौधरी खाइलाग्दो, अग्लो, हँसिलो र जोसिलो मान्छे। उहाँ गरिब किसान वर्गको हुनुहुन्थ्यो। आफ्नो खेतको अन्नले खान नपुग्ने, ज्याला गर्नुपर्ने। परिवार निकै ठूलो थियो, २० जनाजतिको। परिवारमा आमाको हैकम थियो। आमा निकै कडा। हामी त्यही परिवारसँगै बस्न थाल्यौँ, एउटा कोठा छुट्याइयो हाम्रा लागि। पलट चौधरीको घरमा बिताएको पहिलो रातले नै सङ्केत दियो, मेरा लागि आगामी दिनहरू निकै कठिन छन्। पलट चौधरी र मैले एउटै थालमा भात खायौँ। कसैसँग एउटै थालमा सँगै भात खाएको यो पहिलो पटक थियो। चलन यस्तै रहेछ यहाँ। यो गरिबीका कारण चलेको चलन हुन सक्छ। रामले पनि परिवारको अर्को कुनै सदस्यसँग एउटै थालमा खानु भयो।

पहिलो रातमै पलटले गाउँका साथीहरू जम्मा गर्नुभएको रहेछ आफ्नो घरमा। सात–आठ जना साथीहरू जम्मा हुनुभयो। पलटले परिचय गराउनुभयो, नयाँ कामरेड भनेर। जोसिला हात मिलाइयो। साथीहरू उत्सुक थिए नयाँ कामरेडका कुरा सुन्न। शर्माजीका कुरा सुनेर अभ्यस्त भैसकेको रहेछन्। मुकुन्द न्यौपाने कमरेडलाई शर्माजी भनिँदो रहेछ त्यहाँ। मैले आफ्नो नाम शम्भु भनेर परिचय गराएँ। उत्सुकतापूर्वक नयाँ कमरेडका कुरा सुन्न भेला भएका किसानहरूलाई सम्बोधन गर्न मलाई गाह्रो भयो, भाषाका कारणले। म नेपाली भाषा मात्र जान्ने, सहभागी साथीहरू भोजपुरी या हिन्दी मात्र बोल्ने र बुझ्ने। ठूलो सङ्कट खडा भयो। मैले खत्र्याक–खुत्रुक हिन्दी बोलेर काम चलाएँ। मेरो हिन्दी बोली सुनेर साथीहरू हाँसे पनि। यस कुराले म उदास भएँ। भाषाका कारणले मनका कुरा धक फुकाएर भन्न नसकेपछि यस क्षेत्रमा कसरी काम गर्ने ? राम झन् आत्तिनुभयो। पलटले हौसला दिनुभयो– सिकिहालिन्छ नि, नआत्तिनूस्। उहाँले भोजपुरी र हिन्दी मिसिएको भाषामा यसो भन्नुभयो। दह्रो हात मिलाएर साथीहरू बिदा हुनुभयो। रातको १२ भन्दा बढ्ता बजिसकेको थियो। पलटले सुत्ने व्यवस्था मिलाउनुभयो। परालको सिरानीमा सुकुलमाथि लमतन्न भयौँ– आ–आफ्ना लुङ्गीले ज्यान छोपेर। ननिदाउँदासम्म राम र मैले नयाँ अनूभूतिबारे कुराकानी गर्‍यौँ। ‘हामी कुन ठाउँमा आइपुग्यौँ राम ? न भाषा बुझिन्छ, न चलन मिल्छ। के गरी काम गर्ने होला ?’ कुरा सुनेर रामले भन्नुभयो– ‘म त झन् रनभुल्लै परेको छु।’

बिहानको चार नबज्दै पलटले ब्यूँझाउनु भयो। हामी लठ्ठ थियौँ निद्राले। ‘कमरेड उठ्नुहोस्, दिसा–पिसाब गर्न जानुपर्छ। उज्यालो भयो भने सबै मान्छे उठ्छन्– त्यसपछि जानै सकिन्नँ।‘ पलटको बोलीले हामीलाई थर्कायो। भङ्ग भयो हाम्रो निद्रा। पलटले हामीलाई गाउँको पश्चिमतिरको एउटा खोल्साछेउ खेतमा लानुभयो। दिसा–पिसाब गरेर हामी आश्रयमा फर्कियौँ। गाउँलेहरू ब्यूँझन थाल्दै थिए। दिनभर घरमा थुनिएर बस्नुबाहेक त्यसपछि अरु कुनै काम थिएन–गाउँमा रात नझर्दासम्म। पहिलो दिनकै क्रियाकलापले आगामी दिनको दिनचर्यालाई हामीले राम्ररी बुझ्यौँ।

दोस्रो दिन राती मुकुन्द दाइ आइपुग्नु भो– हामीलाई भेट्न। चार वर्षपछिको पहिलो भेट थियो उहाँसँगको। म भावविभोर भएँ। रमाइलो लाग्यो र उत्साहित पनि भएँ। उहाँले हामीलाई पार्टीका धारणाहरू बताउनु भयो। हामीले गर्नुपर्ने कामहरूबारे निर्देशन पनि दिनुभयो। उहाँको निर्देशनबाट बुझेँ– मैले जनकार्य गर्नुपर्ने इलाका त्यही थियो। श्रीपुरा गाउँलाई केन्द्रभागमा राखेर मैले वरिपरिका गाउँहरूमा सङ्गठन विस्तार गर्नु थियो। पलटको घर मुख्य आश्रय थियो, पलट मुख्य साथी। त्यहीँ साथीहरूलाई लिएर मैले धेरै साथी तयार गर्नु थियो। त्यही आश्रयलाई फैलाएर मैले धेरै आश्रय

बनाउनु थियो । अथवा, रामलाई त्यो इलाका दिएर मैले अरु इलाका हेर्ने कि भन्ने पनि कुरा चल्यो । जे भए पनि मुकुन्द कमरेडको निर्देशनपछि औपचारिक ढङ्गले हामी सङ्गठन अभियानमा लाग्यौँ, निश्चित इलाकामा केन्द्रित भएर ।

दुई दिन रामसँगै श्रीपुरमा बिताएपछि म कामको सिलसिलामा पडेरी गाउँमा पुगेँ । मलाई मुकुन्द कमरेडले लिएर जानुभयो । त्यो पनि मैले काम गर्नुपर्ने इलाका थियो । काशी चौधरीको घर पडेरीगाउँको मुख्य आश्रय थियो । काशीका भाइ वासु चौधरी सुरा क्रान्तिकारी थिए । काशी र वासुको सहयोगमा गाउँ सङ्गठित गर्नु थियो । त्यसबेला काशीका दुई छोरा र दुई छोरी थिए । मुक्ति र किरण छोराको नाम थियो, जानुका र दुर्गा छोरीको नाम । काशीको श्रीमतीको नाम थसकल्नी हो । थसकल भन्ने गाउँ उहाँको माइती भएका कारण गाउँको नामबाट थसकल्नी भनियो । थसकल्नी ज्यादै असल महिला ।

म काशीको घरमा बस्थेँ, भूमिगत ढङ्गले । काशीले गाउँलेहरू जम्मा गर्नुहुन्थ्यो आफ्नै घरमा या अन्यत्र ठाउँमा लिएर जानुहुन्थ्यो । म प्रशिक्षित गर्थें, सङ्गठन बनाउँथेँ । काशीको घरमा म परिवारको सदस्यजस्तै भएर बसेँ । बिहान सबेरै उठ्थेँ, कसिङ्गर बढार्थें, पानी ल्याइदिन्थेँ, ढिकी कुट्न थसकल्नीलाई पनि सघाउँथेँ । म ढिकी कुटिदिन्थेँ, थसकल्नी घान लगाउनुहुन्थ्यो । थसकल्नीलाई पनि सङ्गठनप्रति रुचि बढ्दै गयो । पछिल्ला दिनहरूमा थसकल्नी चित्रकथाका किताब बोकेर महिलाहरूलाई सम्झाउन र सङ्गठित गर्न टोलटोलमा हिँड्नुहुन्थ्यो ।

राम पोखरेल टिक्न सक्नुभएन, १५ दिनमै काम छाडेर फर्कनु भयो । उहाँलाई श्रीपुरा पलटकै घरमा राखिएको थियो । म नभएका बेला उहाँले पलटलाई भन्नु भएछ– 'मलाई भुँडी दुख्यो, इलाज गर्नुछ । मेरो मान्छे जनकपुरमा हुनुहुन्छ, म त्यतै जान्छु, मलाई बाटो देखाइदिनूस् ।' पार्टीलाई नसोधी जान नपाउने कुरा पलटले गर्नुभएछ । रामले नमानेपछि पलटले कलैयासम्म पुऱ्याइदिनु भएछ । पछि राम फर्कनु भएन ।

रामको प्रस्थानले म धेरै खिन्न भएँ । फेरि घरको सम्झनाले सतायो । आमालाई सम्झिएँ । कहिलेकाहीँ त आमाले आफूलाई बोलाएजस्तो झझल्को लाग्थ्यो । स्थायी जागिर छँदै थियो, स्कुलले नै 'एजुकेसन' पढ्न पठाउने कुरा गर्दै थियो, एक मन त यो पार नलाग्ने कुन जँघारमा खुट्टा हालियो भन्ने लाग्यो । राम कुन कठिनाइले हिँड्नु भयो– त्यो म बुझ्थेँ । भाषा आउँदैन, बेलामा खान पाइँदैन, दिनभर कोठामा दिसा–पिसाब रोकेर बस्नु छ– राम भाग्नुका यस्ता अनेकौँ समस्या कारण थिए । म उदास त भएँ, तर नभाग्ने अठोट गरेँ । 'म राजीखुसीले हिँडेको मान्छे क्रान्तिका लागि, भागेर कसरी मुख देखाउने

समाजलाई' यही प्रश्नले मलाई टिकायो। म हेलिँदै गएँ। लामो समयसम्म मलाई रामको याद आयो। थाहा पाएँ, राम चन्द्रगढी घर पुग्नु भएछ।

पछिल्ला दिनमा पडेरी, धोधर्पा, थस्कल, श्रीपुरा, विष्णुपुर, कट्टी, नौतन यिनै गाउँहरू कामका केन्द्र बन्दै गए।

भूमिगतकालमा आश्रयको समस्या एउटा जटिल समस्या हो नै। एउटै घरमा लामो समयसम्म बसिरहन हरहिसाबले कठिनाइ हुने, आश्रय फेरी फेरी बस्न धेरै आश्रयहरू नहुने। कठिनाइ यही हो। एक दिन पलट चौधरी बाहिर काममा जानुभएको थियो। घरमा बुढीआमा, पलटकी श्रीमती र केही केटाकेटी मात्र थिए। म माओ त्सेतुङको कुनै एउटा किताब पढिरहेको थिएँ। दिउँसो पलटकी आमा भित्र कोठामा पसेर म नजिकै आएर बाझ्न थाल्नुभयो। 'तँ चोर होस् कि डाँका होस् भन्। किन लुकेर बस्छस् ? यो घर तेरो हो ?' आमाले मलाई भगाउन प्रयोग गरिएका शब्दहरू थिए यी। मैले जानी–नजानी हिन्दी भाषामा सम्झाउन प्रयत्न गरेँ। आमाले मान्नु भएन– अझ जङ्गिँदै भन्न थाल्नुभयो– 'तैले मेरो छोरालाई पनि बिगारिस्, तँ यो घरमा आएपछि अन्न फल्न छोड्यो। नाति बिरामी भयो, घरमा नै अलच्छिना पस्यो। तँ आजै, अहिल्यै भागी हाल्।' आमाले मेरो झोला र लुगाहरू आँगनमा फालिदिनु भयो र मलाई पाखुरामा समातेर ढोकातिर तान्न थाल्नुभयो।

यो धेरै फसादको समय थियो। म दिउँसै त्यहाँबाट निस्किएर जान सक्दिनथेँ। बस्नका लागि स्थिति अप्ठ्यारो बन्दै गएको थियो। मैले घरको खम्बा समातेँ र बाहिर निस्कन मानिनँ। 'खुवाएर पाल्नु पर्ने तँ को होस् ?' आमाले गाली गर्दै मलाई बाहिर तान्दै गर्नुभयो। संयोग, तल्लो घरमा मान्छेहरू बोलेको सुनियो। थाहा भयो, वनपालेहरू आएका रहेछन्। यही मौका पारेर मैले आमालाई भने 'पुलिसहरू आएका छन्, अब म पक्राउ पर्छु र तपाईंलाई पनि पक्राउँछु।' मैले आमालाई डर देखाउन यो कुरा भनेको थिएँ। उहाँ डराउनु भयो र भन्नुभयो 'पक्राउ नपार्– उनीहरू गएपछि भाग्लास्।' बुढीआमैलाई दङ्ग्ल्याउन मैले थपेँ 'होइन, म अहिले जान्छु र पक्राउ पर्छु'। बुढीआमै अझ डराउनु भयो र भन्न थाल्नु भयो– 'होइन नजा'। मैले भनेँ, 'त्यसो भए तपाईं मलाई बस्न दिनुहुन्छ र कराउनुहुन्न भने मात्र अहिले जान्नँ र पक्राउ पर्दिनँ, नत्र भने जान्छु।' बुढीआमैले अब कहिल्यै नकराउने र बस्न दिने कुरा गरेपछि मैले दङ्ग्ल्याउन छोडेँ। उहाँले फ्याँकेको झोला र कपडा भित्र ल्याइदिनु भयो। पछिका दिनहरूमा उहाँले मलाई कहिल्यै कराउनु भएन। बेलुका कामबाट पलट आउनुभयो, मैले दिउँसोको घटना सुनाएँ। उहाँ हाँस्नु भयो। पलट आमासँग धेरै डराउनु हुन्थ्यो।

'एक एरिया, एक युनिट, एक स्क्वाड, एक एक्सन र एक क्रान्तिकारी सरकार !' त्यतिबेला हाम्रो कार्यनीतिक कार्यदिशा थियो। यसको मतलब थियो, एउटा निश्चित इलाकामा केन्द्रित हुने, सबभन्दा निम्न वर्गका व्यक्तिहरूसँग सम्पर्क कायम गरेर प्रशिक्षित गर्दै एउटा राजनीतिक युनिट गठन गर्ने, त्यो युनिटलाई समेत प्रशिक्षित गरेर एउटा लडाकु स्क्वाड गठन गर्ने र गाउँमा चुनिएको अपराधीलाई हत्या गरी क्रान्तिकारी सरकारको निर्माण गर्ने। हामीले काम गर्ने सूत्र यही थियो र हाम्रो आशा र उद्देश्य थियो, यसो गरेर जनवादी केन्द्रीय सत्ता प्राप्त गर्न सकिनेछ। यही सूत्रको आधारमा म केन्द्रित हुन खोजेका इलाका थिए– धोधरपा, पडेरी, श्रीपुरा, विष्णुपुरवा। यी गाउँहरूमा राजनीतिक युनिट निर्माण गरिएका थिए। नौतन, पडेरी, श्रीपुरा र विष्णुपुरवामा स्क्वाड पनि बनाइयो। पडेरी नजिकैको एउटा गाउँ छ गाछी टोल, त्यहाँ त सुरुङसम्म खनियो। गाछी टोलका जनता रात–रातभर सुरुङ खन्ने काममा सरिक भए। त्यस ठाउँमा कोही हाम्रो विरोधी थिएन।

प्रत्येक गाउँको वर्ग विश्लेषण गर्ने काम सक्रियतापूर्वक गरियो। गरिब र भूमिहीनलाई नेता बनाउने, मध्यम किसानलाई मित्रशक्तिका रूपमा गोलबन्द गर्ने, धनी किसानलाई तटस्थ बनाउन प्रयत्न गर्ने र जमिन्दारलाई प्रहार गर्ने नीति अनुरूप कामहरू हुन थाले। र, गाउँमा समाप्त गर्नुपर्ने ठूलो अपराधी को होला भनेर चिन्ने गर्ने कामहरू भए।

थुप्रै सेल्टरहरू विकसित भए। श्रीपुरामा पलट चौधरीको घरबाहेक अन्य घरहरूमा पनि बस्न सकिने भयो। पडेरीमा धेरै घर थिए आश्रय लिने। धोधरपाको मलाहा टोल हाम्रो सुरक्षित आश्रय थियो, महेन्द्र चौधरी अगुवा हुनुहुन्थ्यो। विष्णुपुरवामा पनि सुरक्षित आश्रय निकै भए। भरसक गरिब भूमिहीन किसानकै घरमा बस्नुपर्ने नीति अनुरूप नै हाम्रा आश्रय थिए। यो समग्र जिल्लामा एउटा इलाकाको कुरा हो। मुकुन्द कमरेड इन्चार्ज हुनुहुन्थ्यो र उहाँको अनुगमन नियमित थियो। उहाँमा नयाँ–नयाँ विचारहरू फुर्थ्यो र कहिलेकाहीँ जमेर बहस हुन्थ्यो।

नौतनका खेदुशहा ज्यादै सम्झन लायक योद्धा– साहसी, जाँगरिलो, गरिब किसान वर्गको। उहाँको घर पार्टीको आफ्नै घरजस्तो थियो। उहाँलाई केन्द्रबिन्दु मानेर वरिपरिका बस्तीमा पार्टी विस्तारका प्रयत्न भए। म आफैँले एउटा स्क्वाड गठन गरेको थिएँ, खेदु त्यो स्क्वाडको कमान्डर हुनुहुन्थ्यो। त्यस स्क्वाडले एक पटक एक जना जमिनदारको नयाँ बन्दुक पनि खोस्यो। त्यस कामको पहल खेदुले गर्नु भएको थियो। बन्दुक सुरक्षित ढङ्गले आश्रयमा राखिएको थियो। सिनकट्टाले बन्दुक चोरिदियो। सुरुङ खनेर घरभित्र पस्ने चोरलाई त्यतातिर सिनकट्टा भन्ने चलन छ। पछि थाहा भयो, बन्दुक डाँकाले लगेछ।

श्रीपुराका सीताराम चौधरी र लालमन चौधरी पनि बिर्सन नसकिने नाम हुन्। यी दुई दाजुभाइ हुन्, लालमन जेठो र सीताराम माइलोजस्तो लाग्छ। अरु चार भाइ थिए। सबैको विवाह भएको थियो। बाबु थिएनन्, आमा थिइन्। परिवार संयुक्त थियो। यिनीहरू राजनीतिमा चासो त राख्थे, तर न्युक्लियसको भूमिका निभाउन सक्तैनथे। पलटको घरमा बसेको केही समयपछि यिनीहरू पनि आ–आफ्नो घरमा आश्रय दिन तयार भए। तर मप्रति पूर्ण विश्वस्त नभएका कारण मलाई बस्नका लागि घाँस–भुसा थुपार्ने कोठा दिइएको थियो। कोठाभरि घाँस–भुसा थियो र एउटा सानो कुनामा बिछ्याइएको सुकुलमाथि म हुन्थेँ, मेरो झोला हुन्थ्यो र झोलामा किताब, नोटबुक, सानो टर्चलाइट, सानो रेडियो, दन्त मन्जन, ब्रस हुन्थे। त्यो घरका हजुरबा थिए– मसँगै त्यही कुनामा सुत्थे। उनी आफूलाई उपेक्षित–अपहेलित ठान्थे र राती मसँग लामा दुखेसा गर्थे। घरमा कसैले भनेको कोही टेर्दैनथे। बुहारीहरूको बोलवाला थियो। विधवा आमा पनि निरीहजस्तो थिइन्। अराजकता यस्तो कि कोही नाइके थिएन, सबै नाइके थिए।

सीताराम नहुँदा मलाई खानाका लागि कोही सम्झँदैनथे। बुढी आमै यसो चासो राखेझैँ गर्नुहुन्थ्यो, तर उहाँको हातमा केही थिएन। बुहारीहरू र अन्य भाइहरूलाई कुनै चासो थिएन। लालमन सीतारामभन्दा सोझाजस्ता थिए। कहिलेकाहीँ म भोकै हुन्थेँ। हजुरबा राम्रो चासो राख्थे। तर बुढा आफैँ उपेक्षित थिए र कसैलाई केही भन्ने हिम्मत राख्दैनथे। यी सबै कुराका बावजुद आश्रय दिनु त्यो घरको महान् योगदान थियो आन्दोलनमा।

केही समयपछि विश्वास जागेछ क्यारे ! मलाई अर्कै राम्रो र सफा कोठामा सरुवा गरियो र खानपिन बारेमा पनि राम्रै सोधपुछ हुन थाल्यो।

मुर्गिटोला भन्ने एउटा गाउँ छ, श्रीपुरा नजिकै। एकराती पलटले मलाई त्यस गाउँमा लिएर जानुभो। नयाँ सम्पर्कको एक जना गरिब किसानको घरमा राती अबेरसम्म कुराकानी भयो, गाउँका तीन/चार जना भेला भएका थिए। उनीहरू उत्साहित भए। तर आश्रय दिई हाल्ने कुरामा तयार थिएनन्। कामको नयाँ विस्तार थियो त्यो। राती अबेरसम्म कुराकानी गरेर हामी फिर्ता भयौँ, श्रीपुरातिरै। राती पटक्कै नदेख्ने रोग लाग्यो मलाई। रतन्धो भएछ कि क्या हो। अन्दाजले पलटसँगै हिँड्ने हो राती। पलट अगाडि हुनुहुन्थ्यो। अलि छिट्टै हिँड्नु भएछ– म खेतको सुख्खा इनारमा खसेछु। धन्न त्यो इनार धेरै गहिरो थिएन र पानी पनि धेरै थिएन। मलाई केही त भएन तर निस्कन गाह्रो भयो। पलटले म खसेको थाहा नै पाउनु भएन। कराऊँ भने हल्ला हुने डर, नकराऊँ पलटले कसरी थाहा पाउने ? निस्कन खोज्छु निस्कन सकिँदैन। ठूलो आतेस पैदा भयो।

रन्थनिएर निस्कने प्रयास गरिरहेँ। केही समयपछि सुसेलीको इसारा आयो। गाउँ नजिकै छ, बढ्ता सुसेल्न पनि नहुने। पलटले खोज्न थाल्नुभयो भन्ने लाग्यो। मैले पनि बिस्तारै सुसेली मारेँ। पलट नजिक आउनु भयो। मैले बिस्तारै आफू इनारमा खसेको कुरा भनेँ। पलटले निकाल्नु भयो। पलटको घरमा पुग्दा रातको साढे २ बजेको थियो।

पूर्णकालीन राजनीतिक जीवनका प्रारम्भिक दिनहरू यसरी उत्पीडित जनताका माझमा व्यतीत हुँदै गए। म एउटा परिवेशमा जन्मेर हुर्केको मान्छे। क्रान्तिका कुरा किताबमा पढेँ, क्रान्तिका कुरा नेताहरूका मुखबाट सुनेँ। ती रोचक थिए। तिनको सकारात्मक पक्ष के थियो भने तिनले उत्साही बनाए, परिवर्तनप्रति विश्वस्त पारे। यही उत्साह र विश्वासले जीवन होमियो। यथार्थ धरातलमा भने पढ्दा र आफैँ होमिँदाको अन्तर धेरै ठूलो रहेछ। मैले जुन पात्रहरूसँग सम्पर्क गरेँ, जस्ता घटना शृङ्खलाहरू अनुभूत गरेँ, ती कुनै किताबमा छैनन्। यथार्थ घटनाले आफैँ प्रश्नहरू जन्माउने रहेछ र तिनका उत्तरहरू बनिबनाउ नभएर घटनासँगै जोडेर आफैँ खोज्नुपर्ने रहेछ।

कहिलेकाहीँ मलाई सपनाजस्तै लाग्थ्यो, कहाँ गएर टुङ्गिने हो त यो जीवन ? के पार लगाउन सकिएला यो पहाड ? दिउँसो आश्रयमा रहँदा प्रायः पढ्ने, लेख्ने र सोच्ने काम हुन्थ्यो। गोपनीयता जोगाउने मनसायले साथीभाइहरूसँग कम भेटिन्थ्यो दिनमा। परिवारको याद आउँथ्यो। आफूले पढाएको विद्यालयको पनि खुब याद आउँथ्यो। चन्द्रगढी माविका प्रधानाध्यापक डिल्ली भट्टराईको सम्झना म धेरै गर्थें। गरिबीका कारण शुल्क तिरेर पढ्न सक्ने अवस्था थिएन मेरो। डिल्ली सरले सघाउनु भयो र पढेँ। विद्यालयका अन्य साथीहरू– खडानन्द सर, षडानन्द भट्टराई, त्रिलोचन, पीताम्बर, हरि सर, छत्र अधिकारी आदिको सम्झना आउँथ्यो। म भूमिगत हुने बित्तिकै– मसँग जोडेर धेरै शिक्षकलाई गिरफ्तार गरिएछ। पछि छोडिएछ।

शरीरमा गन्जी र लुङ्गी, गोडामा चप्पल, पिठयूँमा सुर्केनी पार्ने झोला, रातभरि यो गाउँदेखि त्यो गाउँसम्म, खेतैखेत, चोरबाटोको यात्रा, राती बैठकहरूमा प्रशिक्षण– यसरी बितेछन् १० महिना। २०३२ साल चैत १३ गते अमृत बोहरा पडेरीको आश्रयमा आउनुभयो, मुकुन्द कमरेडसँगै। अमृत बोहरालाई कहीँ जानु थियो सायद। यो क्षेत्र हुँदै जान खोज्नु भएको थियो। त्यो बेला नेतृत्वसँग भेट्नु ज्यादै गौरवको कुरा मानिन्थ्यो। नेतृत्वसँग बसेको समयलाई अमूल्य समय मान्दै त्यसको अधिकतम सदुपयोग होस् भने चाहना हुन्थ्यो। ज्यान हलङ्गो भएझैँ लाग्थ्यो, छुट्टिने मन हुँदैनथ्यो। अमृत बोहरा भेट्दा मलाई त्यस्तै भयो। राती अबेलासम्म कुराकानी गरियो। मैले अत्यन्त चासोका साथ कार्यक्षेत्रको प्रतिवेदन सुनाएँ। उहाँले गम्भीर भएर सुन्नुभयो। काम गर्ने साहस थपिदिनु भयो। पडेरी काशीनाथ चौधरीको घरमा हाम्रो बास थियो।

सधैँझैँ सबेरै उठ्यौँ। उज्यालो भएकै थिएन। आवश्यक सामग्री लिएर मुकुन्द कमरेड र घरवालासँग बिदा माग्दै हात मिलाउँदै हामी बाटो लाग्यौँ। हामी गाउँबाट निस्कँदा भाले बासिरहेका थिए। मान्छेहरू जाग्न खोज्दै थिए। हामी वीरगन्ज पुग्नु थियो। झिसमिसेमै हामीले धेरै बाटो काट्यौँ। अनुभवको साटासाट गर्दै बाटो काट्दा हामीलाई बाटो छोट्टिएको थाहै भएन। हामीलाई बाटो देखाउन वासु चौधरी आउनु भएझैँ लाग्छ।

अहिले आएर म सम्झन्छु– भूमिगतकालका ती दिनहरू, हामीलाई आश्रय दिने ती महान् सेल्टरदाताहरू। यदि उहाँहरूले पार्टीको नीतिलाई अस्वीकार गर्नुभएको भए, पार्टीमाथि विश्वास नगरेर आश्रय, सुरक्षा र अभावका बीच खानपिनको जिम्मेवारी बहन नगर्नुभएको भए, मानिसहरूलाई सङ्गठित गर्न र आन्दोलित हुन असहयोग गर्नुभएको भए पार्टी निर्माण हुन सम्भव थियो र ? बिल्कुल सम्भव थिएन। मलाई लाग्छ– हामीले त सूत्रधारको मात्रै काम गर्‍यौँ। सिङ्गो पार्टी त उहाँहरूले बनाउनुभयो। सेल्टरदाताहरूको यो योगदानलाई बिर्सिएर हामी कहिल्यै पनि सही बाटोमा अगाडि बढ्न सक्दैनौँ। हाम्रा सेल्टरहरू पार्टी निर्माणको इतिहासका जीवन्त सङ्ग्रहालयहरू हुन्– ती के गर्दैछन् ? ती के हुँदैछन् ? ती के सोच्दैछन् ? हामीले हरदम खोज्नैपर्छ।

पार्टीको कार्यकर्ताका रूपमा भूमिगत भएर काम गर्दा हामीले अकल्पनीय दुःख त पायौँ, तर ती दुःखहरू, त्यागहरू सेल्टरदाता पलट चौधरीहरू, थसकल्नीहरूको त्यागका तुलनामा एक प्रतिशत पनि थिएनन्। यस कुराले हामी आफैँलाई प्रेरित गर्दै लग्यो र अरु त्याग गर्नुपर्ने भावना पैदा गर्‍यो। जनता महान् हुन् र हामी केही होइनौँ भन्ने भावनाको जागरण सेल्टरदाताहरूको सङ्गतले नै पैदा गर्‍यो। पार्टी निर्माणमा यो महान् वैचारिक योगदान हो।

भर्खरै म केही पुराना सेल्टरदाता साथीहरूको घरमा पुगेको थिएँ। मसँग केबल चौधरी, बोलबहादुर कार्की हुनुहुन्थ्यो। हामीले बाराका काशी चौधरी, उहाँकी श्रीमती थसकल्नी चौधरी, वासु चौधरी, श्रीपुरा गाउँका पलट चौधरी, सीताराम चौधरीलाई घरमै पुगेर भेट्यौँ। पलट ८० वर्षको हुनु भएछ। 'अब पार्टीलाई तपाईंको सुझाव के छ पलट कमरेड ?' भनेर सोध्दा उहाँले आफ्नै भाषामा सुझाव दिनु भयो– पार्टी गरिबको पार्टी बनिरहोस्। बोलेको कुरा लागू होस्। तपाईंहरूले हामीलाई नबिर्सनु होस्।' यी सरल सूत्रमा महान् कुरा हुन् जस्तो लाग्छ। ●